| २०७७ बैशाख १ देखि भदौ २४ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २५० | ४९ | १९१ | ३९ | ३६ | ११ | ५७ | ० | १९५ | **३४६** | **८५** | **३९७** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ २४ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४८ | ४९ | १९० | ३६ | ३५ | ९ | २७ | ० | ७६ | **३११** | **८४** | **२७५** |
| **२०७७भदौ २४ देखि २५ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | २ | **३** | ० | ० | **०** | ० | १ | **१** | १ | ३ | **४** |

# दैनिक विपद् बुलेटिन

२४ भदौ विहान१०:००बजेदेखि २५ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **३** स्थानमा **आगलागी, २** स्थानमा **चट्याङ्ग, १** स्थानमा **पहिरो**का घटना घटेका छन् । यी घटनामा परेर **४** जनाको **मृत्यु** भएको छ । आगलागीका कारण **७५ लाख ९० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ४ | ० | ६ | ० | ७५,९०,००० | ० | ४ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **६** वटा घट्ना भएका छन् ।
- **बाग्लुङ्**को थप अपडेट मिति२०७७।०५।१८ गते ढोरपाटन नगरपालिका वडा नं ९ भुसुण्डे, दुनेपोखरा, लाकुरीबोटमा **पहिरो** गई अन्दाजी ९३ घर बगाउँदा बेपत्ता भएका थप **३ जनाको शव फेला । हालसम्म १० जना पुरुष, ९ जना महिला, २ जना सनाखत हुन बाँकि गरी २१ जनाको मृत्यु, १९ जना बेपत्ता, ४ जना घाईते ।**(मृतक र बेपत्ताको संख्या थपघट हुन सक्ने) । ताराखोला गाउँपालिका वडा नं ३ सिलमारे स्थित एक घरमा अचानक **चट्याङ्ग** पर्दा **एक जनाको** टाउकोमा गहिरो चोट लागि घाईते भएकोमा प्राथमिक स्वास्थ्य केन्द्र हरीचौर गलकोटमा उपचारको क्रममा **मृत्यु** ।
- **कैलाली**को धनगढी उपमहानगरपालिका वडा नं १८ पच्चिसघरस्थित ईन्दिरा सप्लायर्समा अचानक विजुली सर्ट भई **आगलागी** हुँदा सप्लायर्सभित्र रहेको चामल, दाल, चियापती लगायतका सामानहरु जलि **७५ लाख रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **अछाम**को मेल्लेख गाउँपालिका वडा नं ५ बिन्द्रासैनीस्थित एक गोठमा **चट्याङ्ग** पर्न गई गोठमा रहेका २ वटा बाख्राको मृत्यु ।
- **उदयपुर**को उदयपुरगढी गाउँपालिका वडा नं ६ राजाबासस्थित बृया खोलामा **पहिरो** आई एक कुखुरा फर्ममा रहेको ३०० वटा बोईलर कुखुराको चल्ला र ५ वटा ठुला कुखुराको मृत्यु, ३ जनाको धान बाली पुरिई अर्को एक जनाको बारी कटान गरेको। त्रियुगा नगरपालिका वडा नं ७ कालीखोलास्थित एक गोठमा **आगलागी** हुँदा गोठमा रहेको काठपात, घाँस दाउरा र गोठ गरी **५० हजार रुपैंया** बराबरको क्षति ।
- **मोरङ्ग**को रतुवामाई नगरपालिका वडा नं ४ पैयामारीस्थित सुकुमबासी टोलमा एक भान्सा घरको चुलोबाट आगो सल्किन गई अचानक **आगलागी** हुँदा गोठसहितको भान्सा घर पुर्णरुपमा जली गोठभित्र बाधेका बाख्रा २ वटा जली मरेको र भाडा बर्तनसमेत जली **४० हजार रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चट्याङ्ग लागी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको, बाग्लुङ ढोरपाटनको पहिरोमा परी बेपत्ता भएकाको खोजी कार्य जारी ।

## बाढी पूर्वानुमान,

**भदौ-२५ (बिहीबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।कोशी र नारायणी जलाधारका केही स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- **आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सबैमा बहाब सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउका स-साना नदी जलाधारमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा,मोरङ, सुनसरी, पाँचथर, धनकुटा, संखुवासभा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुली, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौँ उपत्यका, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा, नवलपरासी, पाल्पा, गुल्मी, कपिलबस्तु, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, अछाम, कालिकोट, दैलेख र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम/भारी बर्षा भई स-साना नदीमा बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।**


**नोट:पहेलो रङलेमध्यम जोखिम रहेको संकेत गर्छ ।रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

भदौ २४ गते बिहान ०८:४५ बजे देखि भदौ २५ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/२५ गते बिहान ०८:४५ बजे २०० वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६३ र स्वचालितः १३७) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३७ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१०१.६मि. मी.) पर्वत जिल्लाको कुस्मा केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, ८ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, २० वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ५३ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**